नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
संघीय मामिला शाखा

फोन नं. ४२११८९५
सिंहदरबार, काठमाडौं

पत्र सङ्ख्या:- सं. मा.शा. २०७४।०७५
चलानी संख्या: ९८६

मितिः२०७५/०२/०२

श्री गाउँपालिका (सबै) ।
श्री नगरपालिका (सबै) ।

विषयः- गाउँपालिका/नगरपालिकाको सहकारी ऐन, २०७४ (नमुना) संशोधन सम्बन्धमा ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय च.नं.११२ मिति २०७४।१२।२२ को प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा सहकारी ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम ....गाउँपालिका/नगरपालिकाको सहकारी ऐन, २०७४ (नमूना) मा मिति २०७५-०१-२४ (नेपाल सरकार, माननीय मन्त्रीस्तर) को निर्णयबाट देहाय बमोजिम संशोधन भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

देहायः

१. मूल ऐनको दफा २० मा संशोधनः
   मूल ऐनको दफा २० को उपदफा (१) मा रहेको अठार वर्ष भन्ने शब्दहरुको सट्टा "सोह्र वर्ष" भन्ने शब्दहरु राखिनुपर्ने ।
२. मूल ऐनको दफा ८१ को उपदफा (१) को खण्ड (च) मा संशोधनः
   मूल ऐनको दफा ८१ को उपदफा (१) को खण्ड (च) मा "प्राथमिक पुँजी कोषको दश गुणाभन्दा बढी हुने गरी बचत संकलन गरेमा" भन्ने शब्दहरुको सट्टा "प्राथमिक पुँजीकोषको १५ गुणाभन्दा बढी हुने गरी बचत संकलन गरेमा" भन्ने शब्दहरु राख्ने ।
३. मूल ऐनको दफा ८१ को उपदफा (१) को खण्ड (छ) मा संशोधनः
   मूल ऐनको दफा (८१) को उपदफा (१) को खण्ड (छ) मा "शेयरपुँजीको पन्ध्र प्रतिशत भन्दा बढी हुने गरी लाभांश वितरण गरेमा" भन्ने शब्दहरुको सट्टा "शेयरपुँजीको अठार प्रतिशत भन्दा बढी लाभांश वितरण गरेमा" भन्ने शब्दहरु राख्ने ।

२०७५-०२-०२
दुर्गा दाहाल
(शाखा अधिकृत)

**बोधार्थः**

श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबार ।
श्री सूचना तथा विद्युतीय शासन शाखाः मन्त्रालयको Website मा Upload गरीदिनुहुन।